# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

**कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना**

(मितिः२०८१/०६/१८)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०६/१८ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

२०८१ असोज १६ गतेको कार्यपालिका बैठकमा पेश हुने प्रस्ताव र सो सम्बन्धका निर्णयहरू

**प्रस्तावहरू**

१. पदमार्ग मर्मत सम्बन्धमा।

२. पालिकास्तरीय सुपरिवेक्षण/अनुगमन समिति गठन सम्बन्धमा।

३. मराङ मोटरबाटोमा ग्याविन जाली लगाउने सम्बन्धमा।

४. माराङ एक घर एक धारा खानेपानी योजनाको भेरियसन अर्डर सम्बन्धमा

५. विविध,

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा वडा नं.४ अन्तर्गत नाउरा देखी धवलागिरी बेस क्याम्प सम्म पदमार्ग मर्मत गर्नुपर्ने भएकोले उक्त कार्यका लागि मोटरबाटो सरसफाई शीर्षकबाट रू ८ लाख विनियोजन गर्ने र सो योजनाको नाम धवलागिरी पर्यटन पदमार्ग मर्मत योजना तय गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐनको दफा १२ बमोजिम गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण सम्बन्धमा देहाय बमोजिमका पदाधिकारी रहने गरी समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| *गाउँपालिका उपाध्यक्ष* | *संयोजक* |
| *देविन्द्र रोका (वडा ३ वडा अध्यक्ष* | *सदस्य* |
| *डिल कुमारि वि.क (कार्यपालिका सदस्य)* | *सदस्य* |
| *प्रमुख प्रशासकिय अधिकृत* | *सदस्य* |
| *योजना शाखा प्रमुख* | *सदस्य सचिव* |

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा वडा नं. ६ मराङमा मोटरबाटो मर्मतका लागि गाउँपालिकाद्वारा ग्याविन जालि उपलब्ध गराउने र सो जाली लागाउनका लागि मोटरबाटो सरसफाई शीर्षकबाट रू ४ लाख रूपैंया विनियोजन गरी मराङ मोटरबाटो मर्मत योजना नामाकरण गरी उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा गाउँपालिकाको ठेक्का नं. DRM/MYAGDY/NCB/Ws/01/2078/79 एक घर एक धारा निर्माण ध.गा.पा. ६ मराङमा कार्य भईरहेकोमा सुरुको डिजाईन अनुसार पाईपलाईन र Exavation of pipeline and filling बढी भएको तथा धारा थप गरी निर्माण गर्नुपर्ने भएकोले उक्त कार्यमा Excavation works original BOQ मा हुनुपर्ने भन्दा धेरै र धाराहरू original BOQ मा Quantity बढाई निर्णाणकार्य गर्नुपर्ने भएकोले टिप्पणी बमोजिम सुरुको सम्झौता रकमबाट ५.२९% घटीको भेरियसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो।

५. विविध अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. गाउँपालिकाको वडा नं. ४ खिवाङमा गोरेटो बाटो अत्यावश्यक रहेकोले अन्य सार्वजनिक निर्माण तथा सहायता शीर्षकबाट रू ३ लाख मात्र विनियोजन गरि उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउने।

ख. सूचनाको पहुँच पुर्याउन अत्यावश्यक रहेको सन्दर्भमा गाउँपालिको वडा नं. ४ बगरमा टावर मर्मत तथा ग्राउन्ड निर्माणका लागि अन्य सार्वजनिक निर्माण तथा सहायता खर्च शीर्षकबाट रू १ लाख पचास हजार मात्र विनियोजन गरी निर्माण कार्य गराउने।